

माछा, पहिचान र देवताहरु

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

पृष्ठ २



जि.प्र.का.झापा द.नं.६१। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।
**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोनः ०२३-५७५४०९



**A-One इटाको नयाँ उत्पादन बजारमा**

**अत्याधुनिक प्रविधिबाट उत्पादित सिद्धकाली ब्रिक्स प्रा.लि. कमल-१ सोलमारीमा ठूलो साइजको A–One इटाको बुकिङ खुल्ला गरिएको छ ।**

भट्टा सम्पर्क : **विष्णु कार्की**
९८५२६७०३०५/९८०२६२६५५/९८१६३१३२७१

**म्यानेजर**
९८०२६२६६४०

दमक सम्पर्क : **लुसन कार्की**
९८०२६२६६२८/९८५२६२६६२८



❑ वर्ष-२० ❑ अंक - १४२ ❑ २०८२ जेठ १२ गते सोमबार ❑ Sunday, 26 May, 2025 ❑ मूल्य ७ /-


## संक्षेप

### डिआईजीद्वारा सुनसरी जिप्रका निरीक्षण

दमक । कोशी प्रहरी प्रमुखद्धारा सुनसरी जिल्ला कार्यालय निरीक्षणकोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर कार्कीले जिल्ला प्रहरी कार्यालय सुनसरीको निरीक्षण भ्रमण गरेका छन् । जेष्ठ ११ निरीक्षण भ्रमणको क्रममा उनले कार्यालय तथा सम्पूर्ण शाखाहरु लगायत हिरासत कक्षको निरीक्षण गर्नुका साथै कार्यालय परिसरमा वृक्षारोपण समेत गरेका छन् । निरीक्षण प्रश्चात प्रदेश प्रहरी प्रमुख कार्कीले जिल्ला प्रहरी कार्यालय तथा मातहत इकाई प्रमुखहरु सहित कार्यरत प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरुलाई आवश्यक निर्देशन समेत दिए ।

### आरोपित मन्त्रीका स्वकीय सचिव सरुवा

दमक । गृहमन्त्री रमेश लेखकका स्वकीय सचिव विमल पौडेलमाथि नक्कली कागजात तयार गरी भिजिट भिसामार्फत मानव तस्करीमा संलग्न भएको आरोप लागेपछि उनलाई मन्त्रालयकै अर्को शाखामा सरुवा गरिएको छ ।

### नाबालिका बलात्कारको आरोपमा ४ पक्राउ

उदयपुर । उदयपुरको कटारीमा १४ वर्षीया नाबालिकालाई सामूहिक बलात्कार गर्ने चारजना पक्राउ परेका छन् ।पक्राउ पर्नेहरुमा कटारी- ४ गबुवा बस्ने होटल संचालक २५ वर्षीय सुजन भन्ने राजकुमार तामाङ, सोही ठाउँ बस्ने १९ वर्षीय पुजन श्रेष्ठ, २० वर्षीय नबिन श्रेष्ठ र २० वर्षकै जीवन तामाङ रहेका छन् ।

### महानगर प्रवक्तालाई बालेनले सोधे स्पष्टिकरण

दमक । काठमाडौं महानगरका मेयर बालेन्द्र शाह (बालेन) ले महानगरका प्रवक्ता नविन मानन्धरसँग स्पष्टीकरण सोधेका छन् । बालेनले प्रवक्ता मानन्धरलाई तीन दिनभित्र माफी माग्दै स्पष्टीकरण पेस गर्न निर्देशन दिएका छन् ।
आफूसँग माफी मागी स्पष्टीकरण पेस गर्न बालेनले मानन्धरलाई निर्देशन दिएका हुन् । प्रवक्ता मानन्धरले सञ्चार माध्यममा बोलेको विषयले आफ्नो मानहानी भएको भन्दै मेयर बालेनले स्पष्टीकरण सोधेको बताइएको छ ।

### सर्पले डसेर मृत्यु

मोरङ । सर्पले डसेर मोरङको बेलबारीमा एक बालकको मृत्यु भएको छ । शनिबार बेलबारी -८ बिरेन्द्र चोक बस्ने सुवास खत्रीका छोरा ११ वर्षीय शिशिर खत्रीलाई सर्पले दाहिने खुट्टाको पंजामा टोकी उपचारको लागि कोशी अस्पताल बिराटनगर लगेकोमा चेकजाँचपश्चात् डाक्टरले राति ८ बजे मृत घोषणा गरेका थिए । उनलाई कुन सर्पले टोकेको हो भनेर खुलेको छैन । मृतकको शव सोही अस्पतालमा नै रहेको प्रहरीले जनाएको छ ।

### गृहको आन्तरिक छानविन

काठमाडौं । नेपाल प्रहरीका पूर्वडीएसपी गोविन्द पन्थीले भिजिट भिसा प्रकरणमा अनुसन्धान प्रभावित पारिएको भनी गरेको खुलासाबारे गृह मन्त्रालयले आन्तरिक छानबिन थालेको छ । पूर्वडीएसपी गोविन्द पन्थीले उठाएको विषयमा मन्त्रालयले आन्तरिक छानबिन थालेको गृह मन्त्रालय स्रोतले जनाएको छ । सामाजिक सञ्जालमार्फत पन्थीले भिजिट भिसामा हुने भ्रष्टाचारको अनुसन्धान गर्दा आफ्नो सरुवा भएको उल्लेख गरेका थिए ।

### दुर्घटनामा तीनको मृत्यु

काठमाडौं । पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-३ र ४ जोड्ने मादी नदीको पुलबाट आज जिप खस्दा तीन जनाको मृत्यु भएको छ । दमौलीबाट चापाघाटतर्फ जाँदै गरेको बाँकी ४ पेजमा ▸▸

---

यस वर्षको मनसुन औंषत धेरै हुने

# पूर्वतयारी अवस्थामा रहन विज्ञको सुझाव

♦ पूर्वसन्देश समाचार

**दमक ।** बंगालको खाडीबाट आएको हावाको बहावले बोकेर ल्याएको मौसमी प्रभावबाट बन्ने मनसुन सामान्यतः मे ३१ वा जुन १ (जेठ १७ वा १८) मा केरला आइपुग्छ र जुन १३ (जेठ ३०) भित्र नेपाल प्रवेश गर्छ । तर, भारतको मौसम विभागका अनुसार दक्षिणी केरला राज्यमा सरदर एक साताअगावै शनिबार मनसुन भित्रियो ।

भारतमा औसत समयभन्दा अगावै मनसुन प्रवेश गरिसकेकाले नेपालमा पनि चाँडै मनसुन सुरू हुने जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले आकलन गरेको छ । 'केरलामा मनसुन आइसकेकाले अबको ७ देखि १० दिनभित्र पूर्वी नेपालको झापा हुँदै प्रवेश गर्ने सम्भावना छ,' मौसम पूर्वानुमान महाशाखाकी मौसमविद् प्रतिभा मानन्धरले भनिन्, 'तर, यति नै गते भित्रिन्छ भन्नचाहिँ सकिँदैन, निरन्तर अवलोकनमै छौं ।'

कहिले नेपाल भित्रिन्छ भनेर सुरूवाती मनसुनको गति र सक्रियताका आधारमा भर पर्ने उनले बताइन् । भारतको मौसम विभागले सञ्चारमाध्यमलाई बताएअनुसार यस वर्ष प्रवेश भइसकेको मनसुन १६ वर्षयता अर्थात् सन् २००९ मे २३ पछि सबैभन्दा चाँडो भित्रिएको हो ।

मनसुन प्रवेशले गर्मीबाट राहत मिले पनि क्षति सुरू भइसकेको छ । हावाहुरीसँगै आएको वर्षाले भारतका विभिन्न ठाउँमा यातायात सेवा प्रभावित बनेका छन् । भारतको मौसम विभागले केरलामा मनसुन प्रवेश गरेसँगै राजधानी नयाँ दिल्लीसहितका स्थानमा भारी वर्षा भएको र सोमबारसम्म जारी रहने भएकाले सतर्कता अपनाउन भनेको छ ।

२० लाख नागरिक प्रभावित हुन सक्नेपाँच दिनअघि जल तथा मौसम विभागले 'राष्ट्रिय मनसुन फोरम २०८२' कार्यक्रममा सार्वजनिक गरेको थियो । मनसुन ऋतुको हावापानी प्रक्षेपणअनुसार यस वर्ष नेपालमा औसतभन्दा बढी वर्षा र गर्मी हुने प्रक्षेपण छ । विश्व मौसम संगठनको विश्वभर तथा क्षेत्रीय स्तरको जलवायु सूचना उत्पादन गर्ने केन्द्रहरूको हावापानी प्रारूप आकलन र साउथ एसिया सिजनल बाँकी ४ पेजमा ▸▸

---

# भोलिको संसद् बैठकमा रास्वपा खरो उत्रिने, राप्रपाले साथ दिने

दमक । राष्ट्रिय स्वतन्त्र पार्टीले १३ गतेको संसद बैठक सामान्य नहुने बताएको छ । गृहमन्त्री रमेश लेखक मुछिएको प्रकरणबारे कडा रूपमा प्रस्तुत हुने संकेत रास्वपाका कार्यवाहक प्रवक्ता मनिष झाले गरे । '१३ गतेको संसद बैठक सामान्य हुँदैन,' उनले भने । रास्वपा केन्द्रीय समितिको बैठकबारे उनले जानकारी दिँदै संसद्मा रास्वपाले यो विषय उठाउने बताए ।

सो पार्टीले भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखक पन्छिन नमिल्ने बताएको छ । गृहमन्त्रीले संगलग्ता पुष्टि भए राजनीति छाड्ने नभई जेल जानुपर्ने झाले बताए । 'प्रमाणित भए राजनीति छाड्ने होइन, जेल जाने हो । प्रमाणित भएपछि जेल त जानैपर्छ । त्यसका लागि राजनीति नछाडी हुँदै हुँदैन ।'

रास्वपा सभापति रवि लामिछाने गृहमन्त्री हुँदा सहकारी प्रकरणमा मुछिएपछि काङ्ग्रेसले उनको राजीनामा मागेको थियो । त्यसबेला प्रतिपक्षी बेन्चमा रहेका लेखकले विभिन्न उदाहरण दिँदै लामिछाने पदमा बस्न नमिल्ने बताएका थिए । 'उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछाने सहकारीको रकम अपचलन गर्ने, ठगी गर्ने, दुरूपयोग गर्ने विषयमा उहाँको संलग्नता छ । यसै सदनले यसभन्दा पहिला स्थापित गरिसकेको विषय कुनै पनि माननीय मन्त्रीजी यदि कुनै अनुसन्धानको घेरामा आउनुभो, प्रश्न उठ्यो, राज्यको सक्षम निकायले अनुसन्धान गर्नुपर्ने स्थिति भयो भने त्यस्तो माननीय मन्त्रीजी मन्त्रीको पदमा रहन पाउँनुहुन्न । रहनुहुन्न ।'

त्रुटि कर्मचारीबाट भए पनि त्यसको जिम्मेवारी गृह प्रशासन सम्हाल्ने व्यक्तिले नै लिनुपर्ने झाको भनाइ छ । 'बदमासी त कर्मचारीबाटै हुन्छ नि ! उहाँ आफैं गएर त्यहाँ टाँचा लगाउने त होइन । कसको कार्यकालमा भयो ? उसको सरूवा कसले गरायो ? सरूवा गराउँदा कार्यविधि मिलेको थियो कि थिएन ? भन्ने कुरा आउँछ,' उनले भने, 'टाँचा लगाउने काम मेरो होइन त्यसकारण संलग्नता थिएन भन्न मिल्दैन ।'

नयाँ दलका मानिस आरोपित हुँदैमा जेल जानुपर्ने र पुराना दलका मानिस यत्तिकै रहने परिपाटी मुलुकमा हुन नदिने रास्वापाको भनाइ छ । 'नयाँ दलका मानिस आरोपित हुँदैमा प्रमाणित नहुँदैमा जेल जानुपर्ने, पुराना दलका मानिस पदमा बसिरहेन कुरा मिल्दैन,' झाले भने, 'कि त पुराना दलका मानिसलाई नियम कानुन लाग्दैन भन्नुपर्‍यो,' उनले भने ।

यसैबीच रास्वपालाई संसदमा सघाउन राप्रपा तयार रहेको जनाएको छ । गृहमन्त्री लेखकको मात्र नभएर प्रधानमन्त्रीको समेत राजीनामा माग गर्नुपर्छ राप्रपाका प्रवक्ता समेत रहेका ज्ञानेन्द्र बहादुर शाहीले भने ।

---

### गणतन्त्रविरुद्ध हुने गतिविधि सह्य छैन : एमाले

**दमक/** एमालेले गणतन्त्रविरूद्ध हुने कुनै पनि गतिविधि सह्य नहुने बताएको छ । एमाले केन्द्रीय सचिवालयको आइतबार बसेको बैठकले जेठ १५ मा गणतन्त्र दिवस भव्य रूपमा मनाउन पार्टी संगठनलाई निर्देशन दिने निर्णय पनि गरेको छ ।

राजावादीहरूले जेठ १५ मा प्रदर्शन गर्न लागेको सन्दर्भमा एमालेले त्यस्ता गतिविधि 'गणतन्त्रको विपक्षमा हुने कुनै पनि अवाञ्छित गतिविधि' सह्य नहुने र त्यसको प्रतिवाद गर्न एमालेले निर्णय गरेको छ । गणतन्त्रको रक्षा र विकासका लागि पूर्ण प्रतिबद्ध रहँदै भव्य रूपमा मनाउने निर्णय गरेको छ,' एमाले सचिवालय बैठकको निर्णयमा भनिएको छ, 'गणतन्त्रविरूद्ध हुने कुनै पनि अवाञ्छित गतिविधि सह्य छैन ।'

---

## वार्षिक नीति तथा कार्यक्रम पारित

**विराटनगर/** कोशी प्रदेशसभाको आइतवारको बैठकले वार्षिक नीति तथा कार्यक्रम बहुमतले पारित गरेको छ । सभामा मुख्यन्त्री हिक्मतकुमार कार्कीले प्रस्तुत गरेको नीति तथा कार्यक्रम बहुमतले पारित भएको हो ।

बैठकले सदस्यद्वय गोम्बु शेर्पा र खिनु लिम्बूले संयुक्त रूपमा पेस गर्नुभएको संशोधन प्रस्ताव बहुमतले अस्वीकर गरेको छ । नीति तथा कार्यक्रममाथिको छलफलमा ४६ जना सदस्यले भाग लिएका थिए ।

नीति तथा कार्यक्रम पारित गर्न अनुरोध गर्दै मुख्यमन्त्री कार्कीले 'स्वच्छ, सुखी र समुन्नत प्रदेश' निर्माण गर्न सरकार प्रतिबद्ध छ भने । उनले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई सुदृढ गर्नु प्रदेश सरकारको बाँकी ४ पेजमा ▸▸

---

## कर विवरण नबुझाउनेको नाम सार्वजनक

**दमक/** कर विवरण नबुझाएका हजारौं करदाताको मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता एकसाथ निलम्बन भएको छ । आन्तरिक राजस्व विभागले ११ वैशाखमा सार्वजनिक सूचना प्रकाशित गरी लगातार ६ महिनासम्म कर विवरण नबुझाउने करदाताको नाम सार्वजनिक गरेको छ । विभागले १५ दिने अल्टिमेटम समेत दिएको थियो ।

सूचनामा आफ्नो व्यवसाय दर्ता रहेको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा सम्पर्क राखी कारोबार नियमित गर्न भनिएको थियो । तर, उक्त अवधिभित्र अधिकांश करदाताले यस्तो विवरण नबुझाएपछि विभागको ९ जेठको निर्णय अनुसार ४८ हजार भ्याट दर्ता निलम्बन गरिएको विभागले जनाएको छ बाँकी ४ पेजमा ▸▸


---

## ६१ जना विरुद्ध मुद्दा दर्ता

दमक । तीनकुनेमा भएको आगजनी, तोडफोड र लुटपाटमा संलग्न ६१ जनालाई प्रतिवादी बनाउँदै जिल्ला सरकारी वकिल कार्यालयले अदालतमा मुद्दा दर्ता गरेको छ। बाँकी चारजनाको भने सोमबार मुद्दा दर्ता हुने भएको छ। सरकारी वकिल कार्यालयका अनुसार घटनामा संलग्न रहेका ३० जनाविरूद्ध आपराधिक उपद्रव र संगठित अपराधको कसुरमा मुद्दा दर्ता भएको छ भने बाँकी ३१ जनालाई राज्यविरूद्धको अपराध, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा दर्ता भएको छ। सरकारी वकिल कार्यालयका प्रमुख सहन्यायाधिवक्ता रामहरि काफ्लेले घटनामा संलग्न ६१ जनाविरूद्धको मुद्दा अदालतमा दर्ता भएको बताए। उनले भने, 'तीनकुने घटनासँग सम्बन्धित मुद्दा अदालतमा दर्ता भएको छ। मुद्दामा ६१ जनालाई प्रतिवादी बनाइएको छ। अन्य चारजना बालक पनि छन्। उनीहरूविरूद्धको मुद्दा भने भोलि दर्ता हुनेछ।' प्रहरीले १०८ जनाविरूद्ध मुद्दा चलाउनुपर्ने भन्दै राय पेस गरेको थियो।

---

## माङसेबुङको 'चमेरे गुफा' ओझेलमा



**इलाम/** पर्यटनको सम्भावना रहेको इलामको माङसेबुङ गाउँपालिका-२ इभाङस्थित चमेरे गुफा ओझेलमा परेको छ । देउमाई खोलाको किनारसँगै पहाडको फेदीमा रहेको चमेरे गुफाको उचित प्रचारप्रसार हुन सकेको छैन ।

पर्यटकीय दृष्टिले महत्त्वपूर्ण मानिएको चमेरे गुफामा पूर्वाधार निर्माण, संरक्षण र प्रवर्द्धन गर्न नसकिएको स्थानीय पृथीमान जवेगूले बताए ।

स्थानीयले २० वर्षअघि पत्ता लगाएको गुफाको संरक्षण र प्रवर्द्धनका लागि सरकारी निकायको ध्यान नगएको उनको भनाइ छ। यो गुफा जिल्लाकै प्रमुख धार्मिकस्थल गजुरमुखी धामदेखि एक किलोमिटर दुरीमा मात्र अवस्थित छ ।

प्राकृतिक रूपमा सुन्दर र आकर्षक छ, चमेरे गुफा। 'चमेरे गुफालाई पर्यटकीय गन्तव्य बनाउन यसको संरक्षण र प्रवर्द्धनसँगै प्रचारप्रसार गर्न आवश्यक छ', जवेगुले भने, 'त्यसो गर्न सकिएमा पर्यटकको उपस्थिति हुने सम्भावना छ ।'

देवताका पालामा गजुरमुखी देवीलाई भेट्न आउँदा महादेवले सो गुफामा बास बसेको किवदन्ती प्रचलित छ। पछिल्लो समय गुफामा हुलका हुल चमेरा भेटिने भएकाले सो गुफाको नाम चमेरे गुफा राखिएको स्थानीय हिमाकुमारी अधिकारीले बताइन् ।

गुफा फराकिलो छ। गुफाको प्रवेशद्वारदेखि भित्री भागसम्म चट्टानी संरचना देख्न सकिन्छ। खोलाको किनारमा चट्टानले बनेको संरचनाले यो गुफा भूगर्भीय अध्ययनको दृष्टिले रोचक छ। गुफा करिब ४० देखि ५० जना मानिस अट्न सक्ने आकारमा । बाँकी ४ पेजमा ▸▸

---


**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय दमक झापाको**

## नगर प्रहरी भर्ना सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति २०८२/०२/१२)*

दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दमक, झापामा रिक्त रहेका देहायका पदहरुमा देहायका संख्यामा करार सेवामा नयाँ भर्ना गर्नुपर्ने भएको हुँदा तोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ । योग्यता सम्बन्धी विस्तृत विवरण, आवश्यक कागजात सम्बन्धी विवरण, छनौट कार्यविधि, मापदण्ड तथा पाठ्यक्रम नगरपालिकाको वेबसाइट www.damakmun.gov.np बाट अथवा फोन नं. ०२३-५९७००० वा प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

**१) आवश्यक माग पद सङ्ख्या:**

| क्रस | विज्ञापन नं. | पद | माग संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | खुला | महिला | आ.ज. | मधेशी | दलित | जम्मा |
| १ | DMK-NR-INS-01-8182 | नगर प्रहरी बल निरीक्षक | १ | - | - | - | - | १ |
| २ | DMK-NR-HA-02-8182 | नगर प्रहरी बल हवल्दार | १ | - | - | - | - | १ |
| ३ | DMK-NR-JA-03-8182 | नगर प्रहरी बल जवान | ८ | २ | २ | १ | १ | १४ |

| क्रस | पद | न्यूनतम शैक्षिक योग्यता | उमेर हद | कै |
|---|---|---|---|---|
| १ | नगर प्रहरी बल निरीक्षक | मान्यता प्राप्त विश्वविद्यालयबाट प्रविणता प्रमाणपत्र तह / +२ उत्तीर्ण गरी नेपालको सुरक्षा निकायमा न्यूनतम अधिकृत स्तरबाट सेवा निवृत्त भएको | दरखास्त दिने अन्तिम मितिका दिनसम्म ५० वर्ष ननाघेको | |
| २ | नगर प्रहरी बल हवल्दार | मान्यताप्राप्त शिक्षण संस्थाबाट कक्षा १० उत्तीर्ण भई नेपालको सुरक्षा निकायमा न्यूनतम हवल्दार पदबाट सेवा निवृत्त भएको | दरखास्त दिने अन्तिम मितिका दिनसम्म ५० वर्ष ननाघेको | |
| ३ | नगर प्रहरी बल जवान | कक्षा ८ उत्तीर्ण भएको | १८ वर्ष पूरा भई दरखास्त दिने अन्तिम मितिका दिनसम्म २३ वर्ष ननाघेको | |

२) दरखास्त दिने मिति: २०८२/०२/१२ गतेदेखि २०८२/०३/१० गतेसम्ममा कार्यालय समयभित्र ।
३) दरखास्त दिने स्थान: दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रशासन शाखामा ।

# सम्पादकीय

## कृषिलाई प्राथमिकताको आवश्यकता

कृषि प्रधान मुलुक नेपालमा कृषिजन्य उपजको उपत्पादन र उत्पादकत्व बढाउन न्यावसायिक कृषि प्रणाली अपनाउनुपर्ने हुन्छ । तर, यसबारेमा सरकारले ठोस योजना बनाउन सकेको छैन । औपचारिकताका लागि परम्परागत र निर्वाहमुखी खेती नै हुने गरेको छ । यसले निश्चित परिवारका लागि आवश्यक खाद्यान्न उत्पादन हुने भए पनि खाद्यान्नमा परनिर्भरता हटाउन सम्भव भएको देखिएन ।

कृषि क्षेत्रकै बजेट अघिल्लो वर्षको तुलनामा बढाइनु पर्छ । किसानले समयमा मल पाउँदैनन् । उन्नत बिउ पाउँदैनन् भने उत्पादन कसरी बढ्ने अपेक्षा गर्ने । कृषि अनुसन्धानसँग सम्बन्धित निकायहरू निकम्मा बनिरहेका छन् । जलवायु परिवर्तनको असर समग्र खेती प्रणालीमा परिरहेको छ । जलवायु परिवर्तन अनुकूलन हुने खेती प्रणाली र बिउबिजन उत्पादन हुनुपर्नेमा त्यसो हुनै सकेको छैन । कृषि बिमा कार्यक्रम अलपत्र छ ।

नेपालमा कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कम्पनी लिमिडेटले मल खरिद गर्छन् र बिक्री वितरण गर्छन् । सरकारी स्वामित्वका दुवै कम्पनीले मल खरिद र बिक्री वितरणको अधिकार लिए पनि समयमा उपलब्ध गराउन सक्दैनन्, जसका कारण किसानले या त मलबिना नै खेती लगाउनुपर्छ वा अवैध रूपमा मल किन्नुपर्छ । कतिपय बेला त नक्कली मल किन्नुपर्ने हुन्छ । अर्कोतिर सिँचाइ सुविधा नहुँदा कयौं हेक्टर जमिन बाँझो छ । जबसम्म मल, बिउ, सिँचाइ, प्राविधिक सहयोग, बजार तथा आधुनिक खेती प्रणालीको विकासमा सरकारले ठोस पहल गर्दैन, तबसम्म नेपालको कृषि प्रणालीमा सुधार आउन सक्दैन ।


किसानले पशुपालन घटाउदै जाँदा रासायनिक मलको माग बढ्दो छ । एकातिर रासायनिक मलको माग बढेको बढ्यै छ भने अर्कातिर रासायनिक मलको सन्तुलित प्रयोग नहुँदा माटोको उर्वराशक्ति पनि घट्दै जान थालेको छ । युरियाको बढ्दो प्रयोगले माटोमा अम्लीयपना बढ्दो छ ।

भनिन्छ, कृषिको विकास भए मात्र देश आत्म निर्भर बन्छ र रोजगारको आधार बन्छ । मानिसका लागि अति आवश्यक वस्तु भनेको गाँस, बास र कपास हो । त्यो प्राप्त गर्ने ठाउँ भनेको कृषि नै हो । उत्पादन गर्ने किसानसँग जमिन छैन, विचौलिया र भू–माफियाको हातमा छ । जमिन कृषि प्रयोजनका लागि नभई न्यापारमा परिणत भएको छ ।

जमिनलाई राज्यको स्वामित्वमा ल्याई आवश्यकताअनुसार किसानलाई खनजोतको अधिकार दिन सकिन्छ । यसले जमिनप्रति मनिसको आकर्षण घट्छ भने त्यसको सदुपयोग बढ्दै जान्छ । तर जमिनमा न्यक्तिको स्वामित्व हुँदा मोह बढ्दै गएको छ । जमिन उत्पादनको एउटा साधान नभएर न्यापर गर्ने थालोमा परिणत भएको छ । राज्यको स्वामित्वभन्दा बाहिर गएको छ ।

तीनै तहका सरकारले बजेटबाट नै कृषिलाई प्राथमिकतामा राखि जमिनलाई असली किसानसँग जोड्ने योजना बनाउँन आवश्यक छ, त्यसो हुन सकेमात्रै कृषि प्रधान देशको गौरवलाई कायम राख्न सकिन्छ । कृषिमा आकर्षण घटिरहेका बेला सरकारले यस क्षेत्रमा लगानी बढाउनु अपरिहार्य छ ।

## सामाजिक सञ्जाल



**चन्द्र भण्डारी**
नेता, नेपाली काँग्रेस

### मलाई कलम मन पर्दछ

मलाई कलम मन पर्दछ !!!
मलाई युद्ध मन पर्दैन तर युद्ध समापन गरी शान्तिको मस्यौदा र योजना बनाउने कलम मन पर्दछ !!!
मलाई मेरो देशको यही माटो मन पर्दछ तर जिम्मेवार व्यक्तिले काम नगरी भाषण मात्र गरेको मन पर्दैन !
मलाई राजनेता मन पर्दछ तर तिनको सककाघुरो सोच र नेतालाई डुवाउने कचौरी र चम्चा को देश लुट्ने सेटिङ मन पर्दैन !
मलाई विचौलिया मन पर्दैन तर
तिनीहरूलाई थुन्न बनाइने कानुन र जेल मन पर्छ । मलाई कमेन्ट गर्नेहरूको आलोचनात्मक कमेन्ट मन पर्दछ तर नपढी कहककाे के कमेन्ट गरें ? के गर्ने थाहा नहुनेहरूको प्रवृत्ति मन पर्दैन !!!
जय नेपाल ।



**प्रमोद न्यौपाने**
रविका प्रेस सल्लाहकार

### गृहमन्त्री लेखकलाई प्रश्न

रवि लामिछानेका प्रेस सल्लाहकार प्रमोद न्यौपाने लेख्छन्,"गृहमन्त्रीले उल्टै प्रश्न गर्नु भएछ- 'कुनै कर्मचारी माथि अनुसन्धान सुरु हुँदा मन्त्रीले राजीनामा दिँदै जाने हो र?'
होइन मन्त्रीज्यू! कर्मचारीमाथि आरोप लागे उमाथि मात्रै अनुसन्धान हुने हो। दोषी देखिए उसलाई मात्रै खतबात लाग्ने हो। अरु कसैलाई ठागेंले पनि छुदैन।
'भिजिट भिसा' प्रकरणमा तपाईंमाथि पनि आरोप लाग्यो। विमानस्थल अध्यागमन कार्यालयका प्रमुख तीर्थ भट्टराईले अख्तियारसँगको बयानमा अध्यागमनबाट हुने अवैध उठ्तीको निश्चित प्रतिशत तपाईंसम्म पनि पुऱ्याउनु पर्थ्यो भने रे'।
बेला नभई पहिलाका प्रमुखलाई हटाएर तपाईंकै जोडबलमा भट्टराई त्यहाँ पुगेका थिए रे' भन्ने छ। अख्तियारले छापा मार्ने सुइँको पाएपछि अघिल्लो दिन नै भट्टराईलाई तपाईंले मन्त्रालय तान्नु भयो रे' भन्ने छ । विगतमा तपाईंले नै संसदमा 'प्रश्न उठेपछि राजीनामा दिएर छानबिनमा सघाउनु पर्छ' भन्नु भएको रहेछ। मैले त भुलिसकेको रहेछु। फेसबुकले सम्झाइ त हाल्यो!
'भिजिट भिसा' प्रकरणमा तपाईंमाथि प्रश्न उठी नै सक्यो। तपाईंले संसदमा भने झैं प्रश्नले छानबिन माग्छ। अनि, छानबिनको पूर्वसर्त हो, दबाब-प्रभावको अन्त्य। गृहमन्त्रीको कुर्सीमा रहुन्जेल तपाईंले पार्दिन भने पनि स्वतः दबाब-प्रभाव परिहाल्छ। त्यसैले जिम्मेवारीबाट अलग भएर ' प्रश्न उठी त हाल्यो, लौ मविरुद्ध अनुसन्धान गर'भन्ने हिम्मत राख्नुस्। योसँगै देखिनेछ, राजनीतिमा खडेरी परेको 'नैतिक बल'को सानदार प्रदर्शन ।
तपाईंजस्तो कानूनविद्लाई आरोप, अभियोग र अपराधको भिन्नता थाहै छ। अहिले तपाईंविरुद्ध आरोप मात्रै लागेको हो। आरोप त जसलाई पनि लाग्न सक्छ। आशा छ, अनुसन्धानले तपाईंलाई अभियोग हुँदै अपराधसम्म पुऱ्याउने छैन। निश्पक्ष अनुसन्धान गर्ने वातावरण चाहिँ बनाइदिनुस् प्लिज!"

यात्रा ३

# मान्छे, पहिचान र देवताहरू



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

> विमानस्थलबाट बाहिर निस्किने ठाउँमा अगाडि मान्छेहरूको लामो लाइन थियो ।
> त्यहाँ महिला पनि थिए । बृद्ध पनि थिए । चपपल लगाउनेहरू पनि थिए ।
> कपाल पालेकाहरू पनि थिए । कपाल काटेकाहरू पनि थिए ।
> नयाँ लुगा लगाउनेहरू पनि थिए । पुराना लुगा लगाउनेहरू पनि थिए ।

मान्छेले देवता बनाउँछन् । पाल्छन् । हुकाृउँछन् । लालनपालन गर्छन् । देवतालाई जहाँ स्थापित गऱ्यो मान्छेले, देवता त्यहीं बसिदिंदा रहेछन् । अनि मानिसको भीड लाग्छ ती देवताको उपासना गर्न । ती देवताको आराधना गर्न । ती देवताको महिमा गाउन । अनि हर क्षेत्रबाट मान्छे आउँछन् हजारौं लाखौं खर्च गरेर ।

देवता पनि कति ज्ञानी ? कति दानी ?
कति स्नेही ? कति ब्यापक ?

हामी सपरिवार धार्मिक यात्रामा थियौं । दक्षिण भारतको ।
यो २०८२ बैशाखको गर्मी समय थियो ।
जव हामी दमकबाट चारआली हुँदै काँकडभिट्टाबाट न्यू जलपाइपाइगुडी लाग्यौं, चारआलीमा पाउ पाथीभरालाई नमस्ते गर्न भ्यायौं ।
'यहाँ पनि पाथीभरा देवी?', मेरो प्रश्न थियो ।
'पाउ मात्रै हुन् । शीर त वहीं हो नि हजुर', सम्धिको उत्तर थियो ।
हामी एनजेपी रेल स्टेसनमा पुग्यौं ।
मान्छेमाथि मान्छेको सडक !
मिानस्थलमा सनातन हिन्दू धर्म झल्किने चित्रहरु कुँदिएका थिए भित्ताहरूमा । सार्वजनिक स्थानमा । लाग्यो, सनातन संस्कृति यिनलाई कति प्यारो ?
दिल्ली पुग्दा पनि उही चित्रकला देखियो ।
हनुमानको भीमकाय शरीर, शिवको अनन्त अर्थ लाग्ने चित्रहरु, कुँदिएका मूर्तिहरु इतिहासका, सनातन परम्पराका कथा भनिरहेका थिए । राम र सीताका चित्र । अर्जुन र युधिष्टिरका चित्र ।
गज्जव त जव हामी दिल्ली बिमानस्थलमा प्रवेश गऱ्यौं, त्यो भाव अझै शसक्त बनेर आयो ।
विमानस्थलका हरेक भित्ताका शीरमा कुँदिएका ती मूर्तिकलाले एकछिन निकै भाउन्न बनायो । हरेका देशी बिदेशी पाहुनाले भारतीय (हिन्दू) संस्कृति चित्रमा देख्ने भए । चित्रमा पढ्ने भए । चित्रमा बुझ्ने भए । चित्रमा एउटा विशाल इतिहास मनन गर्न सक्ने भए । त्यहाँ हनुमानका जोश थिए । शिवका रोश थिए । विश्णुका होस थिए । रामका धैर्यता थिए । लक्ष्मणका इमान्दारिता थिए । युधिष्ठरका त्याग थिए । अर्जुनका पराक्रम थिए । अथवा भनौं, एउटा सभ्यतालाई समुन्नत बनाउन चाहिने मानवीय चरित्र थिए । मानवीय ज्ञान थिए । मानवीय चेतना र ज्ञान थिए ।
मैले देखें, पश्चिमा पर्यटकहरु पनि रमाउँदै थिए ती चित्र देखेर । अनि पो उनीहरु लेख्दा रहेछन्, हिन्दू सभ्यता भनेको भारत हो । इण्डियन सभ्यता हो । त्यो माटोले बोकेको सभ्यता थियो त्यहाँ । मैले संझें, 'ओरियण्टालिजम' (पूर्विय सभ्यता) लेख्ने एडवार्ड सैड संझें । उनले पूर्विय सभ्यतालाई असभ्य, अशिक्षित, अज्ञानी भनेर परिभाषा दिए । आज सैड पनि त्यो विमानस्थलमा हुन्थेभने तिनले त्यो लेख सायद लेख्ने थिएनन् ।
पक्का !
तर जुनबेला सैडले त्यो लेख लेखे, भारतीय सभ्यता पछौंटेमै थियो । नास्तिकहरूकै हातमा सत्ता थियो । आज माटोका हरेक कणले तिनको संस्कृतिक वैभवता बोकेका छन् ।
जब हामी दुई घण्टा पच्चीस मिनेटको इन्डिगो एयरबाट तिरुपति बिमानस्थलमा अवतरण गऱ्यौं, उही दृष्यहरु आए विमानस्थलका भित्ताहरूमा । तिरुपति बैंकटेस बाबा उदाउन थाले यत्रतत्र । बाबा अब भित्तामा मात्र थिएनन्, उनी यात्रुहरु निस्किने दोसाँधमा ठिङ्ग उभिएका थिए । अनि हरेक यात्रुले बैकटेस बाबा र उनकी धर्मपत्नी लक्ष्मीको श्पर्श गर्न थाले । तिनका छेउमा उभिएर फोटा खिच्न थाले । बाबाको छेउमा उभिंदा पाइने आनन्द र अमरत्वको भाव हर यात्रुलाई हुँदोरहेछ । हामीले पनि फोटा खिचायौं बैकटेस बाबालाई छेउमा राखेर ।
मैले मेरो देशका विमानस्थलहरु संझें । के तिनमा भगवानका मूर्ती छन् ? आस्थाका, धर्म र संस्कृतिका आयामहरु छन् ? तिनमा नेपाली माटोको पहिचान छ त ? केही छैन । छन् त मन्त्री र राष्ट्रपतिका फोटा छन् । नहन् पनि किन, तीनै नेता त त हुन् नेपालीहरूका देवता ! गणेश पनि तिनै नेता हुन् । बैंकटेस बाबा पनि तिनै नेता हुन् । भगवान कृष्ण पनि तिनै नेता हुन् । ब्रम्ह पनि तिनै नेता हुन् । बिष्णु पनि तिनै नेता हुन् । शिव पनि तिनै नेता हुन् ।
नास्तिकहरूको देशमा नेता नै भगवान भएपछि कसको के लाग्छ ?
आफैलाई ग्लानी भयो ।
विमानस्थलबाट बाहिर निस्किने ठाउँमा अगाडि मान्छेहरूको लामो लाइन थियो । त्यहाँ महिला पनि थिए । बृद्ध पनि थिए । चपपल लगाउनेहरु पनि थिए । कपाल पालेकाहरु पनि थिए । कपाल काटेकाहरु पनि थिए । नयाँ लुगा लगाउनेहरु पनि थिए । पुराना लुगा लगाउनेहरु पनि थिए ।
'क्यूँ लाइन हे, भाइसाव ?' मैले लाइनमा खडा भएको एउटा भाइलाई सोधें ।
'तिरुपति बाबा डोनेसन के लिए । जिसको कारण आप जल्दी दर्शन करपाएँगें ।'
'कितना खर्च आएगा?'
'दश हजार रुपए ।'
मेरो सातो गयो ।
यति पैसाले त तिरुपति दर्शन गरेर, होटलमा बसेर, खाना खान पनि पुग्छ ।
वाफ रे वाफ !
मान्छेहरु दश हजार रुपैया खुरुखुरु बुझाइरहेका थिए । तिनमा दश हजार भारतीय रुपैंया भगवानका लागि भनेर बुझाउँदा पनि मुस्कान थियो । उत्साह थियो । उतकण्ठा थियो ।
दैनिक रुपमा यसरी कति पैसा उठ्छ होला ?
हैट !
हामी गाडी लिने तरखरमा थियौं । विमानस्थलमा टिकट काटेर मात्रै गाडी पाइने रहेछ । एउटा ५ सिटे गाडीले ३ जना मात्रै बोक्दो रहेछ । अचम्म ! त्यसपछि हामी गाडी लिएर तिरुपति स्थित 'होटल सेभेन इन' तिर लाग्यौं ।
भेलि पल्ट हाम्रो तिरुपति बालाजीको दर्शन गर्ने कार्यक्रम थियो ।
दमक, झापा

---



नारायण गाउँले

# नयाँ पुस्ताले एक पैसा देख्नै पाएन

नेपाली पैसाको मूल्य धेरै नै घटेका कारण हाम्रो पुस्ताले एक पैसा चिन्नै पाएन। त्यसको मूल्य थाहा पाएन। तर अब आउने अमेरिकी पुस्ताले पनि शायद एक पैसा खेलाउन पाउने छैन। तामा र जिंकजस्ता धातुको प्रयोग गरेर बन्ने एक सेन्ट मूल्यको सिक्का बनाउनै तीन सेन्टभन्दा बढ़ी खर्च लाग्ने भएपछि अमेरिकाले अर्को वर्षदेखि एक सेन्टको सिक्का नछाप्ने निर्णय गरेको छ।

बेलायतमा अझै एक र दुई पैसा (पेन्स)का सिक्का चल्छन्। पसलमा केही सामान नगद किन्दा हरेकपल्ट एक दुई सिक्का फिर्ता आउँछ। वस्तुको मूल्य नै एक पाउण्ड ९९ पेन्स भनेर राखिन्छ। पेट्रोलको मूल्य एक पाउण्ड ३७ पेन्स हुन्छ। फिर्ता दिन पेन्स अर्थात् पैसा चाहियो। हरेकको घरमा एक दुई किलो यस्तो पेन्स जम्मा हुन्छ। आजभोलि एक दुई पेन्सले किन्न मिल्ने वस्तु खास नभए पनि पूजाआजामा भने खुलेर त्यस्तो सिक्का चढाउने गरिन्छ। भगवान् अलि सोझै हुने भएकाले अझ यस्तो सिक्का आफ्नो घाँटीको तीन तोले सिक्रीमा छोएपछि त्यो सुनकै सिक्का हुन्छ। मन्दिर, चर्च, मस्जिददेखि अन्य च्यारिटीहरूले यस्तो सिक्काबाट ठूलै रकम जम्मा गर्छन्।

उसो त बेलायत धेरै हदसम्म क्यासलेस भइसकेकाले र प्रायः डिजिटल कारोबार हुने हुनाले विगत केही वर्षदेखि नयाँ सिक्का छाप्न नपरेको र पुरानैले काम चलेको बताइन्छ। ढ्याकको भ्यालुभन्दा त्यो छाप्ने पैसा धेरै भए पनि विनिमय सजिलो बनाउन, मूल्यवृद्धि रोक्न र इतिहासदेखि अन्य मौद्रिक सन्तुलनका लागि छाप्ने गरिन्छ। बेलायतले तत्काल यस्तो सिक्का नहटाउने बताएको छ।

एक सेन्टको सिक्का यूएस मिन्टले छापेको पहिलो सिक्का रहेछ। सन् १७९३ मा पहिलोपल्ट छापिँदा यसको



भ्यालु ठूलै थियो होला। तर अहिले एक सेन्ट फिर्ता आउने पैसामा मात्रै सीमित हुँदै गएको थियो।

इलन मस्कले यस्तो सिक्का छाप्न लाग्ने ठूलो लागत र यसको सीमित उपयोगिताबारे टिप्पणी गर्दै आएका थिए। ट्रम्पले गत फेब्रुअरीमैं यस्तो छपाइलाई व्यर्थ भन्दै बन्द गर्न निर्देशन दिएका थिए। यस्तो निर्णयले वार्षिक ५६ मिलियन डलर वचत हुनेछ।

पसल-पसलमा च्यारिटीले बाकस थाप्ने र त्यहाँ आउने ग्राहकले त्यति सानो खुद्रा पैसा गोजीमा हाल्नभन्दा त्यहीँ खसाल्न सजिलो मान्ने हुनाले त्यो आयस्रोत बनेको थियो।

सेन्टको प्रयोग हट्यो भने मूल्यवृद्धि हुने बताइन्छ। धेरै विक्रेताले कम्पीटिशनमा एक सेन्ट या पेन्स घटाएर ९९ पेन्समा सामान या सेवा बेच्ने गर्थे। तिनले अब राउण्ड फिगरमा एक डलर मूल्य तोक्नेछन्। यो सोझै १% मूल्यवृद्धि हो। अमेरिकाजस्तो विशाल अर्थतन्त्रमा एक प्रतिशत मूल्यवृद्धि ठूलो हो।

जे होस्, तिनले आजसम्म एक पैसाको भ्यालु पनि बचाएर राख्न सफल भए। बेलायतमा पचास भन्दा ठूलो नोट प्रचलनमा छैन। आज पनि एक डलर या पाउण्डमा पेटभरि खान सकिन्छ।

हामीमध्ये धेरैले पाँच पैसा चाहिँ देखेको हो। गाई पैसा भनिने त्यो पैसा अन्त नचले पनि पूजामा गाई दान गर्न प्रयोग हुन्थ्यो। एकातिर गाई र अर्कोतिर त्रिशूल भएको यो पैसा कुनै बेला खतरै थियो होला। कुनै कुरोको छिनोफानो गर्न 'टस' गर्दा यही पैसा प्रयोग हुन्थ्यो। अझै पनि गाई कि त्रिशूल भन्ने गरिन्छ।

दश पैसा र सुका मोहर त पीपलगेड़ी मिठाई किनेर खान प्रयोग हुन्थ्यो। दक्षिणामा एक रूपियाँको डबल पाउँदा दशैं भव्य हुन्थ्यो। लालीगुराँसको चित्र भएको एक पैसा र डाँफेको चित्र भएको दुई पैसाको ढ्याकचाहिँ हामी धेरैले प्रयोग गर्न पाएनौं। सुका पैसा किट्टी या म्यारिज त अलि अस्तिसम्म खेल्नेहरू धेरै छन्।

उसो त एक पैसाभन्दा तलका सिक्का पनि हुन्थे। आज पहाड़तिर जग्गाको क्षेत्रफल निकाल्नमात्रै त्यो प्रयोग हुन्छ। यति रोपनी, यति आना, यति पैसा र यति दाम भनेर। एक रोपनीमा १६ आना, ६४ पैसा या २५६ दाम हुने रहेछ। राजालाई पैसाभन्दा तलको दाम चढ़ाएर ढोग्ने चलन रहेछ। आज पनि अलि बढ़ी भ्यालु पर्नेलाई क्या दाम्मी भनिन्छ, क्या पैसे या क्या रूपियैं भनिन्न। साम-दाम-दण्ड-भेद त छँदै छ!

पाँच रूपियाँमा जग्गा किनेका किस्सा बाउबाजेबाट सुन्नुभएको छ कि ?

# आफू चोखिन पनि लेखकले राजिनामा दिनुपर्छ



डा. सुनिल शर्मा

**गृ**हमन्त्री रमेश लेखकमाथि गम्भिर आरोप लागेको छ । लेखकमाथि अध्यागमन विभागको सेटिङबाट लेनदेन गरेर मानव तस्किरी गरिरहेको जघन्य अपराधको भारी बोकाइरहँदा उनलाई राजीनामा दिएर मार्गप्रशस्त गर्दै छानविनका लागि सघाउन नेपाली कांग्रेसकै नेताहरूले सुझाव दिइरहेका छन् । आम मानिसले विरोध गरिरहेको उक्त विषयको निष्पक्ष छानविनका लागि उहाँ तयार भएर भोलिका दिनमा क्लिन चिटमार्फत माफ्नो राजनीतिक भविष्य सुनिश्चित गर्न नेपाली कांग्रेसका नेता सुनिल शर्माले पनि अनुरोध गरेका छन् । खरो र प्रष्ट वक्ताको रूपमा परिचित शर्माले विभिन्न मिडियाको जिज्ञासामा भनेका छन्- अध्यागमन विभागबाट भइरहेका तस्करीका काण्डहरू यो नयाँ होइन । सुनकाण्डदेखि भुटानी शरणार्थीसम्म करोडौं अरबौंको खेल खेले, जो सरकारको सेटिङमा थिए तिनै मान्छेहरू बसेर अहिले राज्यसत्ता चलाइरहेका छन् भनेर भनिरहँदा पत्याउने कोही भएनन । जनताले पत्याएका थिए तर राज्यसत्ताले पत्याएन । न समिति नै बने । त्यसकारण यो राज्य सत्ताको दोहन नेपाली नागरिकले दुःख गरेर तिरेको पैसा, पसिना काढेर, मेहनत गरेर राज्यलाई बुझाएको कर र त्यो करबाट संरक्षित यो सरकार अघिल्लो, त्यो भन्दा अघिल्लो र आजसम्मका सरकारका केही गतिविधिहरू निकै संवेदनशिल र गम्भिर प्रकृतिका छन् । ब्युरोक्रेसीको एउटा तप्का यस्तो छ कि खाईपाई आएको तप्का जसले मन्त्रीलाई पनि थाहा नदिई सेटिङ गरिदिन्छ । राष्ट्रिय अन्तर्राष्ट्रिय गिरोहहरू छन् । त्यो त अपराध त शुन्य गर्न संसारमा कहिँ पनि सकिन्दैन तर ओलीजीको पालामा केही कम भयो भन्ने लागेको थियो तर मिडियामा जुन हिसाबले आइराखेको छ त्यसले गम्भिर किसिमको प्रश्नचिन्ह चाहि खडा भयो । भ्रष्टाचारमा आरोपित लेखकका बारेमा शर्मा भन्छन-रमेश लेखक नेपाली कांग्रेस पार्टीभित्रको असाध्य शालिन, भद्र, जिम्मेवार र बौद्धिक (कानुनको ज्ञाता) पनि हो । लोकतन्त्रको एउटा पाठ के हो भन्नुहुन्छ भने लोकतन्त्रवादी जब हामी भनिरहन्छौं- हामी बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई जस्ता आदर्शवान नेताहरू जसको छतमाथि बसेर हातले देखाउँदा आँखाले नभ्याउने जमिनहरू थिए । प्रजातन्त्र वा लोकतन्त्रका निम्ति राणाहरूका विरूद्धमा लड्दाखेरी त्यो सम्पत्ति सबै सर्वस्वहरणमा परेर वर्षौवर्ष जेल बसेर प्राप्त भएको यो लोकतन्त्र हो । त्यही पार्टीको नेता रमेश लेखक हुनुहुन्छ । तर तपाईहरूले बुझ्नुपर्ने कुरा के छ भने हाम्रो त नेता हो । हिजो अस्ति भर्खर संसदीय दलमा हाम्रो अर्को पार्टीको नेताको सहकारी काण्डको बारेमा लेखकले दिएको अन्तरर्वार्ता, उहाँले बोल्नु भएको कुरा नैबाटै जगजाहेर के छ भने रमेश लेखकजस्तो आदर्शवान नेताले एक, दुई घण्टा नभनीकन सम्भवतः आज १२ बजे राती (शनिबार) नै या भोलि (आइतबार) या सदन खुल्नु अगाडि उहाँले राजीनामा दिएर अनुसन्धानको निम्ति समिति गठन गर्नुस् र ममाथि परिक्षा गर्नुस्, म संलग्न छैन भनेर भन्नुहुन्छ भन्ने आत्मविश्वास रहेको पनि बताए । कांग्रेसपार्टीभित्रको मान्छेले त्यति मुर्खता गर्नुहुन्छ जस्तो लाग्दैन । उहाँले राजीनामा गरेर बाटो खोलिदिएर समिति गठनका लागि राज्यलाई आब्ह्वान गर्नुहुनेछ भन्ने मेरो ठम्याई रहेको छ । त्यसपछि उहाँले क्लिन चिट पाएपछि सरकारभित्र र बाहिरबाट लोकतन्त्रको पक्षमा उहाँ लागेको ठहरिनेछ । यति ठूलो प्रश्न उठिसकेपछि त्यही बसेर हठ देखाउनुभयो भने संसदमा यसका विरूद्धमा सशक्त रूपमा आवाज उठ्नेछ । यसमा प्रतिपक्षले मात्र नभएर सत्ता पक्षका हामी जस्ताले पनि कुरा उठाउन बाध्य हुनेछौं । पार्टीगत रूपमा बीपी कोइरालाका कार्यकर्ता हौ । आध्यात्मिक रूपमा बुद्धका सन्तान हौ । भनेपछि बुद्धले दिएको सिद्धान्त वा पाठ के हो ? शान्ति अहिंसासँगै तिमी लोभ नगर । यो लोभका खातिर एउटा टिकट पाइला कि नपाईला, मन्त्री बनिएला कि नबनिएला जस्ता लोभ राख्नु हुँदैन । सरकारमा बसेको मान्छेले गिटी कुट्ने, मकै पोल्ने, एउटा हलो जोतिरहेको किसान र आम नागरिकको पक्षमा काम गऱ्यो कि गरेन भन्ने महत्वपूर्ण हुन्छ । रमेशजी एउटा पात्र हो पार्टीभित्रको । उहाँले यो पार्टीको आदर्श, सिद्धान्तलाई बचाईराख्ने दायित्व पनि नेताको हैसियतले उहाँको हो । उहाँले त्यो गर्नुहुनेछ । उहाँको सुन्दर भविष्य छ । गृहमन्त्री भईसकेको व्यक्ति भोलि प्रधानमन्त्री बन्ने होला । पार्टीको महामन्त्री, पार्टीसभापति बन्ने लक्ष्य होला । भोलि हामीले नै भोट हाल्नुपर्ने होला । त्यसको लागि हामीजस्ता नेता, कार्यकर्ता कन्भिन्स हुन आवश्यक रहेको उनले औंल्याएका छन् ।

*(शर्मा नेपाली कांग्रेसका नेता तथा प्रतिनिधिसभाका सांसद हुन्)*

## अटिजम र अपांगता बालबालिका पठन पाठनका लागि छुट्टै भवन शिलान्यास


**सुनसरी**/ सुनसरी जिल्लाको दुहबी नगरपालिका-२ तुताहा स्थित श्री नविन शिक्षा निकेतन आधारभूत विद्यालयमा अपाङ्गता तथा अटिजम भएका बालबालिकाको सहज पठनपाठनका लागि नयाँ भवनको शिलान्यास गरिएको छ ।

विद्यालय प्राङ्गणमा आयोजित विशेष समारोहबीच पूर्व महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री तथा संघीय सांसद माननीय भगवती चौधरीको प्रमुख आतिथ्यतामा भवनको शिलान्यास सम्पन्न भएको हो। गत वर्ष मन्त्री पदमा रहँदा उनले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको बजेटमार्फत यस भवन निर्माणका लागि आवश्यक रकम विनियोजन गरेकी थिइन् ।

कार्यक्रममा बोल्दै सांसद चौधरीले विशेष आवश्यकता भएका विद्यार्थीलाई समावेशी, सहज र गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय, अभिभावक र समुदायको सहकार्य अपरिहार्य रहेको उल्लेख गरिन् ।

शिलान्यास कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अमृत कुमार तामाङको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा कोशी प्रदेश सांसदहरू रोहित कार्की र सुनिता गच्छदार, पूर्व राज्यमन्त्री सुमित्रा बिश्विास बिशिष्ट अतिथि थिए। त्यसैगरी विद्यालयका प्रधानाध्यापक सुरेन्द्र कुमार चौधरी, सप्तकोशी टेलिभिजनका प्रतिनिधि चन्दन रौनियार, समाजसेवीहरु प्रदीप चौधरी, ज्ञान बहादुर राई, लगुन उराव, स्थानीय जनप्रतिनिधि, अभिभावक,शिक्षकहरु तथा विद्यार्थीहरूको समेत उल्लेख्य उपस्थिति रहेको थियो ।

कार्यक्रमको सञ्चालन शिक्षक मनोज कार्कीले गरेका थिए । कार्यक्रममा स्वागत मन्तब्य शिक्षक भिमशंकर राई र कार्य क्रमको ओचित्यमाथी प्रकाश प्र.अ. सुरेन्द्र कुमार चौधरी ले पारेका थिए । विद्यालय प्रशासनका अनुसार भवन निर्माण कार्य चाँडै सुरु गरिनेछ र निर्धारित समयभित्र सम्पन्न गरिने लक्ष्य लिइएको छ । नयाँ भवनले



विशेष आवश्यकता भएका बालबालिकाको शैक्षिक विकासमा महत्वपूर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ ।

पानासोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक
अगाडीदेखि तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

## प्रेरणादायी सन्देश

# पश्चाताप

रातको नौ बजेको थियो। श्रीमान अफिसबाट काम सकेर थकित मुद्रामा घर फर्किए। घर पस्नासाथ सास फेर्ने फुर्सदसमेत नपाई श्रीमती ठूलो स्वरमा कराइन् ।

"अब बल्ल आइपुग्यौ? कता हराइरहेका थियौ यति ढिलो? कि कुनै अर्कैसँग लागेका हौ? घर आउन पनि यत्रो ढिला ! म त हैरान भइसके तिमीलाई झेल्न !"

श्रीमतीले झगडा सुरु गरिन् । श्रीमानका आँखामा थकान थियो, अनुहारमा भोकको छाया गहिरो देखिन्थ्यो। केही बेर शान्त बसेर श्रीमान बोले –

"म दिनभर काम गरेर थाकेँ। आज त खाजा पनि खान पाइनँ । धेरै भोक लागेको छ। केही खाने कुरा देऊ न ।"

श्रीमती झन् कठोर भइन्, "भोक लागेको छ भने आफैं पकाएर खा! म त थाकेको छु, सुतेँ।" श्रीमान चुपचाप श्रीमतीका कठोर शब्दहरू सुन्दै रहे। भोकको पीडा र थकानले थिचिएको शरीर लिएर ओछ्यानमा पल्टिए । निद्राको झिल्को लाग्दै गर्दा फेरि श्रीमती चिच्याइन् –

"अब मजाले सुत्न थालेछौ, कुन्तासँग रात बिताएर आएर पनि सुत्न पाइन्छ? म त हैरान !"

श्रीमान केही बोल्दैनन्, चुपचाप सुन्दै बस्छन्। त्यो रात गुनासो र झगडामै बित्यो।

भोलिपल्ट बिहान श्रीमान विनम्र स्वरमा भने – "थोरै खाजा बनाइदेऊ, अफिस जान ढिला भइहाल्छ ।"

तर श्रीमतीले खाजा दिनुको साटो झनै अपशब्द बोलिन् –

"हे भगवान! यस्तो श्रीमान हुनु भन्दा त मर्नु नि राम्रो। यो मान्छेको अनुहार पनि देख्न मन लाग्दैन। बिहान उठ्न नपाउँदै खाजा चाहियो रे!" भनी झोक्किइन्।

श्रीमतीका ती कठोर शब्दहरूले श्रीमानको मन गहिरोसँग चस्कायो । उहाँको आँखा रसाए। मनमनै सोच्दै –

"यिनका लागि मैले के कम गरेँ र? कुनै कुराको कमी हुन दिइनँ, माया पनि गरें। तर आज मैले यस्तै व्यवहार पाउनु परेको छ ।"

श्रीमान चुपचाप अफिसतिर निस्किए ।

बेलुका श्रीमती छोराछोरी लिएर स्कुलबाट फर्किंदै थिइन्। घर नजिकै ठूलो भिड देखिन्।

"के भएको हो यहाँ?" भन्दै नजिक गइन् ।

भिडको बीचमा आफ्नै श्रीमानको निर्जीव शरीर देख्दा उनी मूर्छित झैं भइन् ।

मान्छेहरू कानेखुसी गर्दै थिए –

"गाडीले ठक्कर दिएर निधन भएको रे ।"

श्रीमती रोइरहेकी थिइन् –

"बुढा उठ न! म तिमीलाई धेरै माया गर्छु। अबदेखि झगडा गर्दिन। तिमी बाहेक यो संसारमा मेरो कोही छैन। यी नानीहरूलाई टुहुरो बनाउँछौ? उठ न, म खाना पनि बनाएर दिन्छु ।"

श्रीमानको खल्तीमा एउटा कागज देखिन् । त्यहाँ लेखिएको थियो –

"प्रिय,

तिमीलाई मैले कति माया गरें, सम्मान गरें । तिमी र बच्चाहरूका लागि अफिस समयपछि पनि काम गर्थें। तर तिमीले मलाई कहिल्यै बुझिनौ। तिमीले मलाई घृणा र तिरस्कार मात्र दिई। तिमीले हिजो भन्यौ – 'मरे पनि हुन्छ' । आज तिमीलाई त्यो इच्छा पूरा गरेर देखाएँ। अब त खुसी भयौ होला, है ?"

त्यो पढेपछि श्रीमती फुत्किएर रुन थालिन् –

"उठ न बुढा, म अब झगडा गर्दिन। अब म तिमीलाई कहिल्यै दुख दिँदिन।"

तर ढिलो भइसकेको थियो। श्रीमान यो संसारबाट बिदा भइसकेका थिए।

समय बित्दै गयो । श्रीमतीले धेरै दुख झेल्नुपऱ्यो –

घरको आर्थिक संकट, समाजको तिरस्कार, आफन्तको हेला, गरिबी...। श्रीमानको मृत्युपछि सबै समस्याले घेरियो। आफन्तहरूले जमिन पनि हडपिदिए। अब पछुताउने बाहेक उनको हातमा केही रहेन । उनी आफैंलाई धिक्कार्न थालिन्। श्रीमानको माया, मिहिनेत र सहनशीलता सम्झेर आँसु बगाउँथिन् ।

त्यसैले भनिन्छ –

कहिल्यै यस्तो व्यवहार नगरौं जसले पछि पश्चाताप मात्रै बाँकी रहोस्।

श्रीमान-श्रीमती मिलेर सारा जीवनको यात्रामा साथ दिने हो। सुख-दुखमा एकअर्काको सहारा बन्ने हो।

यदि यही सम्बन्धको अपमान गरियो भने स्वर्ग जस्तो घर पनि नर्क बन्न सक्छ।

जीवनको मूल्य तब मात्र बुझिन्छ जब त्यो मान्छे हामीसँग हुँदैन ।

सानातिना कुरा र रिसले जिन्दगीमा गम्भीर असर पार्न सक्छ ।

त्यसैले – रिसको बेला निर्णय नगर्नु ।

एक आगो भयो भने अर्को पानी बन्नु ।

बोल्नु अघि सोचेर बोल्नुपर्छ – किनकि बोलीले भोलिको जीवन नै बिगार्न सक्छ ।

श्रीमान-श्रीमतीको झगडा परालको आगो जस्तै हुनु पर्छ – केही बेर बल्ने तर चाँडै निभ्ने ।

## मोरङमा विवाह मण्डपमै बेहुला र बेहुली पक्षबीच झडप

**विराटनगर**/ मोरङको धनपालथान गाउँपालिका-६ कदमहास्थित बिहे घरमा बेहुला र बेहुली पक्षबीच दोहोरो झडप भएको छ । झडपमा परेर ५ जना घाइते भएका छन् ।

मोरङ प्रहरीका प्रवक्ता डीएसपी वेदप्रकाश जोशीका अनुसार भजनलाल सहनीको छोरीको बिहेमा शुक्रबार राति झडप भएको हो । बिहेको कार्यक्रम चलिरहेका बेला डिजे बजाएर नाच्ने क्रममा दुई पक्षबीच विवाद भएको थियो ।मदिरा सेवन गरेका जन्ती (बेहुला पक्ष) र घरगाउँले (बेहुली पक्ष)बीच बढेको विवाद झडपमा परिणत भएको जानकारी जोशी दिए । उनका अनुसार झडपमा धनपालथान-६ का २८ वर्षीय वीरेन्द्र सहनी, २६ वर्षीय श्रवण सहनी, विराटनगर महानगरपालिका-११ का २९ वर्षीय रोशन सहनी, २५ वर्षीय सुनील सहनी र ३५ वर्षीय अनिल सहनी घाइते भएका छन् ।

घाइते हुनेहरु दुवै पक्षका छन् । घाइतेमध्ये वीरेन्द्र र श्रवण बेहुली पक्ष तथा अरु ३ जन्तीहरु रहेको प्रहरीले जनाएको छ । घाइते सबैलाई उपचारका लागि विराटनगरको कोशी अस्पतालमा भर्ना गरिएको थियो ।घाइतेमध्ये ३ जनाको टाउकोमा चोट लागेको छ । उनीहरुको टाउकोमा टाँका लगाइएको छ । सबै घाइते खतरामुक्त रहेको र केही घाइते उपचारपछि घर फर्किएको जानकारी डीएसपी जोशीले दिए ।

उनका अनुसार विराटनगरको पिचराबाट बेहुला लिएर जन्तीहरु बेहुली लिनलाई धनपालथान पुगेका थिए । बिहेको कार्यक्रम चलिरहेका बेला बेहुला र बेहुली पक्षबीच विवाद बढेर झडप भएको हो । झडपका क्रममा बिहे घरका कुर्सीहरु पनि तोडफोड गरिएको छ । तोडफोडमा उत्रिएकाहरुले बिहेको मण्डप पनि भत्काइदिएका छन् । दोहोरो झडप भए पनि जन्ती भने बेहुला र बेहुली लिएर शनिबार बिहानका राति १ बजेतिर विराटनगर फर्किएका थिए ।

प्रहरीका अनुसार झडपले बिहे स्थल तनावग्रस्त भएपछि तत्कालै बेहुली अन्माएर पठाइएको थियो । लिएर फर्किएको जन्तीको टोलीलाई प्रहरीले निक्कै परसम्म स्कर्टिङसमेत गरेको थियो । झडपमा संलग्न व्यक्तिहरुको पहिचान गर्ने काम भइरहेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय रंगेलीले घटनाको थप अनुसन्धान गरिरहेको छ ।

## साहित्य/सिर्जना

### वैदिक सनातन

♦ मेघनाथ बन्धु

मिल्दै ग्राम समाज विज्ञ जनको उत्साहले सज्जन
खोज्दा गौतम विद्वता समितिको निर्माण भो तत्क्षण
हप्तामा शनिवार कीर्तन गरी घुम्ने गरी गाउँमा फैलायौं
अलि संस्कृति अनि गला सत्देवका नाउँमा ॥

सम्झन्छौं जब ज्येष्ठ यो दस गते उत्साहले फुल्दछौं
जे जस्ता अवरोध सिर्जन भए कीर्तन् गरी भुल्दछौं
हाम्रो लक्ष्य विशालता छ जगमा यो धर्म संस्कारको
रक्षामा दिने रात अर्पन सकौं छोड्दै अहंकार त्यो ॥

लागौं छल्फल गर्न त्यो पथ नयाँ हामी सबै छौं खडा
चाँडै पूर्ण हुनेछ पीयुष भरी त्यो धर्मले नै घडा
हाम्रो नैतिक धर्म संस्कृति कला संस्कारका निम्ति होस्
हाम्रो मानिस श्रेष्ठ जीवन सधैं संसारकै निम्ति होस् ॥



### प्रेमिल हाइकुहरु

✍ ओमप्रकाश गौतम

१) हेरेर जाउ
मलाई नजरले
फर्केर आउ !
२) छुरा नहान
म बबुरो मुन्छे हो
केर नतान !!
३) हासेर बोल
केरकार नगर
दिल नि खोल !!!
(०२/११ गते आइतबार )

रबर स्ट्याम्प बनाउने ठाउँ
बिजि स्टेशनरी एण्ड छापाखाना
दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६

## दैनिक राशिफल

आज मिति
२०८२ साल
माघ १२ गते
सोमबार
26 May. 2025
तिथि: चतुर्दशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड,
सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लेँ ले लो अ | परिश्रम बढी गर्नु पर्ने । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मित्रहरुबाट सहयोग । आर्थिक पक्ष सवल । |
| मिथुन | का कि कु घ ङ छ के को हा | गरेका कामहरुमा सफता । पठन-पाठनमा भने मध्यम । |
| कर्कट | चु चे लो ला लि लेँ ले लो अ | रोजगारीको अवसर । बोलीको प्रभावबाट काम बन्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

# सूर्योदयमा अन्तराट्रिय साहित्य सम्मेलन हुने

**इलाम/** इलामको सूर्योदय नगरपालिकाको फिक्कलमा अन्तराट्रिय साहित्य सम्मेलन हुने भएको छ । सूर्योदय नगरपालिका नगर साहित्य, कला तथा सङ्गीत प्रतिष्ठानको आयोजनामा आगामी जेठ १५ र १६ गते नेपाल तथा भारतका साहित्यकारको उपस्थितिमा अन्तराट्रिय साहित्य सम्मेलन हुने भएको हो ।

नगरले आइतवार पत्रकार सम्मेलन गरी कार्यक्रमबारे जानकारी गराएको छ । कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपती भूपाल राई सहितका साहित्यकारको सहभागिता रहने छ ।

१५ गते फिक्कल बजारमा प्रभावफेरी सहित कार्यक्रम उ⃞ाटन गरिने नगरका शिक्षा शाखा प्रमुख तथा नगर साहित्य, कला तथा संगीत प्रतिष्ठान सदस्य सचिव योगनिधी भट्टराईले जानकारी दिए । उनका अनुसार उक्त दिन स्थानीय साहित्यकारले कविता वाचन गर्नेछन् । सोहि दिन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिवप्रसाद अधिकारीको उपस्थितिमा 'दिगो विकासका लक्ष्यलाई स्थानीयकरण' शिर्षकमा बहस कार्यक्रम आयोजना गरिएको छ ।

दोस्रो दिन १६ गते भारतको सिक्किम दार्जिलिङ, मिमिर तथा काठमाडौं, मोरङ, सुनसरी, झापा, इलाम, पाँचथर र ताप्लेजुङका साहित्यकारले कविता वाचन गर्ने कार्यक्रम छ । सोहि दिन साझ गजल बाचन कार्यक्रम समेत आयोजना गरिएको छ । उक्त दिन 'सूर्योदयको साहित्यको बिकास र राष्ट्रिय साहित्य सम्बन्ध' शिर्षकमा बहस हुने छ । डाक्टर अमर न्यौपाने, प्राज्ञ राजन मुकारुङ र साहित्यकार कुलप्रसाद ढकालबिच उक्त बहस कार्यक्रम हुने छ ।

नगर उप प्रमुख तथा नगर साहित्य, कला तथा सङ्गीत प्रतिष्ठान अध्यक्ष दुर्गाकुमार बराललले नेपाली भाषा साहित्य, कला र संस्कृतिको बिकासका लागि नगरले उक्त कार्यक्रम गरेको जानकारी दिए । उनले भने, 'पश्चिमी संस्कृतिले हाम्रो भाषा, संस्कार माथि नकारात्मक प्रभाव पारी रहेको बेला हामी त्यसको बचाउमा लागेका हौं ।'

कार्यक्रम सम्पन्न गर्नका लागि नगरले वार्षिक स्वीकृत कार्यक्रममै छ लाख ५० हजार रूपियाँ विनियोजन गरेको छ । उक्त पत्रकार सम्मेलनमा नगर प्रमुख रण बहादुर राईले दिगो विकासका लक्ष्यमा आधारित रहेर नगरले काम गर्दै गर्दा साहित्य क्षेत्र ओझेल परेकाले यस्ता कार्यक्रम गर्न जरूरी भएको बताए । उनले भने, 'छिमेकी भारतसँग हाम्रो भाषा, संस्कृति रहनसहन र पर्यापर्यटन जोडिएको छ, यो कार्यक्रमले चौतर्फी रूपमा सहकार्यका ढोका खोल्ने अपेक्षा गरेका छौं ।'

कार्यक्रममा भारतका साहित्यकार सविता संकल्प, नरेन⃞ गोर्खा, डिएल प्रधान, प्रविन खालिङ, कमल तामाङ लगायतको सहभागिता रहने छ । सोहि कार्यक्रमको अवसरमा जेठ १७ गते साहित्यकार कविता राई गाउँलेको 'फाटकमा घाम' कविता सग्रहको बिमोचन समेत आयोजना गरिएको छ ।

जेठ १५ र १६ गने इलामको माईजोगमाई गाउँपालिकाको नयाँबजारमा 'थुम्के साहित्य महोत्सव'आयोजना गरिने भएको छ । साहित्य महोत्सवको अवसरमा साहित्य, चिया र दूधका विषयमा बहस कार्यक्रम राखिएको छ ।

# शिवसताक्षीमा आयूर्वेदका सबै उपचार नि:शुल्क

**झापा/** आयुर्वेद चिकित्सा पद्धतिप्रति जनआकर्षण बद्दै गएको जनाउँदै शिवसताक्षी नगरपालिकाले नगरबासीका लागि आयुर्वेद उपचार सेवा नि:शुल्क गरेको छ । शिवसताक्षी नगरपालिकाका नगरप्रमुख मेगाहाङ थोप्राले आयुर्वेद औषधालयमार्फत उपचार गराउँदा कुनै शुल्क नलाग्ने बताए । नगरपालिकाले उपचार नि:शुल्क गराउन शिवसताक्षी वडा नं. ११ दुधेस्थित नगर आयुर्वेद औषधालयलाई वार्षिक रुपमा रू. २० लाख बजेट दिइरहेको छ ।

जिल्लाकै पुरानोमध्येको यहाँको आयुर्वेद औषधालयमा कविराजसहित पाँच जना कर्मचारीको दरबन्दी रहेको छ । नियमित रुपमा बिरामी जाँच्ने र औषधि वितरणको चिकित्सा सेवासहित औषधालयले पञ्चकर्म थेरापी लगायतका सुविधा प्रदान गरिरहेको छ ।

कोभिड-१९ को विश्वव्यापी महामारीपछि स्थानीयबासी आयूर्वेद चिकित्सा पद्धतिप्रति बढी आकर्षित भएको औषधालयका कविराज राजेन्द्र पोखरेल बताउँछन् । "पहिले पहिले मानिसहरू त्यति धेरै आउँदैनथिए," उनी भन्छुन्छ-"जब कोरोनाले सारा दुनियाँ तर्सायो, त्यसपछि मानिसहरू आयूर्वेदको औषधि खोज्दै धाउन थाले । अहिले त सेवाग्राहीको चाप बढ्दो अवस्थामा छ ।"

दैनिक ५० जनासम्म ओपीडी सेवामा मानिसहरू आउन थालेको र सीमित जनशक्तिले उपचार प्रदान गर्न मुस्किल हुन थालेको पोखरेलले बताए ।

***वार्षिक*****.....**प्राथमिकता भएको बताउँदै राजस्वको दायरा विस्तार, वित्तीय सुशासन र विकासका लागि स्रोतको दिगो व्यवस्थापन गर्न नीतिगत एवं संस्थागत सुधार गर्ने बताए ।

***माङसेबुङ*****.....**
तत्कालीन लिम्बूवानका राजाहरूले आफ्ना सेनालाई सेल्टरको रूपमा यस गुफामा राख्ने गरेको बताइन्छ । माङसेबुङ गाउँपालिका अध्यक्ष हेमन्त राईले यस वर्षदेखि पालिकाभित्रका सबै ऐतिहासिक, धार्मिक र पर्यटकीय क्षेत्रको संरक्षण र संवर्द्धनका लागि योजनाबद्ध काम गरिने बताए ।

'यसवर्षदेखि हामी नीति तथा कार्यक्रममा समेटर ऐतिहासिक, धार्मिक र पर्यटकीय क्षेत्रको संरक्षण र संवर्द्धनको योजनाबद्ध रुपमा काम गर्नेछौं', अध्यक्ष राईले भने । माङसेबुङ-२ का वडाध्यक्ष कृष्णबहादुर बस्नेतले चमेरे गुफाको प्रवर्द्धन गर्न आगामी दिनमा वडाको विशेष ध्यान जाने बताए । रासस

***दुर्घटना*****......**ग२च ५७६० नम्बरको जिप पुलको रेलिङ भत्काएर मादी नदीमा खसेको हो। दुर्घटनामा अन्य दुई जना घाइते भएका छन्। घाइतेको दमौली अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजु अधिकारीले जानकारी दिए । जिपमा पाँच जना सवार थि ए। मृत्यु हुनेमा व्यास-२ का २५ वर्षीय प्रवीन थापामगर, सोही ठाउँका २२ वर्षीय कुमार थापा र २० वर्षीय कुशल थापा छन्।

***पूर्वतयारी*****....**क्लाइमेट आउटलुक फोरमको आकलनका आधारमा प्रक्षेपण गरिएको हो । यस वर्षको मनसुनबाट देशभर ४ लाख ५० हजार घरधुरीका २० लाख नागरिक प्रभावित हुने अनुमान गरिएको छ । यो गत वर्षको तुलनामा ३८ हजारभन्दा बढी घरधुरीका दुई लाखभन्दा बढी नागरिक हुन् ।

त्यसमा पनि मनसुन चाँडै प्रवेश हुने सम्भावना रहेकाले मनसुनजन्य जोखिम व्यवस्थापन तथा न्यूनीकरणमा जोड दिनुपर्ने मौसमविद् मानन्धरले सुझाव दिएकी छन् । 'सबैभन्दा पहिला सबैले आ⃞नो घर वरपरको ढल/नाला सफा गर्नुपर्‍यो, ब्लक भएका छन् भने स्थानीय पालिकाहरूले समेत सफाइ गरिदिनुपर्‍यो,' उनले भनिन्, 'मनसुनको पूर्वार्द्धमा नै बाढी, पहिरोजस्ता अप्रत्यासित मनसुनी विपद् हुने आकलन गरिएको छ, जोखिम र क्षतिको सम्भावना उत्तरार्द्धसम्म नै रहन्छ ।'

पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा प्रतिकार्य विज्ञ दीनानाथ भण्डारी मनसुनी विपद् पूर्वतयारी, उद्धार र प्रतिकार्यमा राज्य संयन्त्र जिम्मेवार हुनुपर्ने बताउँछन् । 'यसपालि हिमाली क्षेत्रमा अलि बढी पानी पर्ने र गर्मी हुने आकलन भएअनुसार जोखिम हुनेमा कुनै द्विविधा छैन,' उनले भने, 'प्रतिकार्य कार्ययोजना बसेनि बनेकै हुन्छ, कार्यान्वयन गर्ने बेला भर्खर असार मसान्त सकिएको भनेर उच्च पदस्थसहित कर्मचारी घुम्न/डुल्न जाने, कार्यालयमा नबस्ने, अगुवाइ गर्ने नभएर भन् जोखिम भइरहेको अधिल्ला वर्षका अनुभव छन्, यस वर्ष दोहोरिनुभएन ।' असार, साउन र भदौमा मनसुनी विपद्को बढी जोखिम हुने भएकाले कर्मचारीहरू मानवीय हिसाबले कार्यालयमा खटिन जरुरी रहेको बताए ।

मौसम पूर्वानुमान महाशाखाले मनसुन आइपुग्ने दिन यकिन नभइसकेको बताए पनि गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जुन १ अर्थात् जेठ १८ भित्रै मनसुन भित्रिने पूर्वानुमान सहित तयारी थालेको प्रवक्ता रामबहादुर केसीले बताए ।

८० प्रतिशत वर्षा मनसुनका ४ महिनामै अहिले देशैभर प्रि-मनसुन चलिरहेको छ । मे सुरु भएपछि सबैजसो पहाडी भेगमा दिनहुँजसो बर्सात भइरहेको छ । सामान्यतः नेपालमा जुन १३ मा मनसुन प्रवेश गरेर ११२ दिनपछि अक्टोबर २ मा बाहिरिने गर्छ । मनसुन हुन अहिले सक्रिय पश्चिमी र स्थानीय वायुलाई बंगालको खाडीबाट आएको मनसुनी वायुले विस्थापित गर्नुपर्ने हुन्छ । मनसुनका चार महिनाबाहेक बाँकी आठ महिना भने नेपालमा पश्चिमी र स्थानीय वायु नै हाबी हुने गर्छ । मनसुनमा पूर्वीय हावा सक्रिय हुने भए पनि अरेबियन सागरबाट आएको वायु सक्रिय भएको खण्डमा पश्चिम नेपालमा पनि पानी पर्ने हुन्छ । तर सामान्यतया मनसुन कोशी प्रदेशबाट भित्रिएर सुदुरपश्चिम प्रदेश हुँदै बाहिरिने मौसमविद् मानन्धरले बताइन् ।

गत वर्षको मनसुन तीन दिन चाँडै सुरु भएर १० ढिला बाहिरिएको थियो । ०८१ जेठ २८ देखि असोज २६ सम्म सक्रिय हुँदा सरदरभन्दा बढी मनसुनी वर्षा भएको थियो । जल तथा मौसम विज्ञान विभागको विश्लेषणअनुसार गत वर्ष ७७ वर्षके इतिहासमा सबैभन्दा ठूलो पानी परेको थियो । साउन ३२ गते सोलुखुम्बुको थामेमा हिमताल विस्फोटदेखि बाढी, पहिरो, भारी वर्षा र चट्याङजस्ता विपदका घटनाले मानवीय र भौतिक क्षति बढाएको थियो । ओखलढुंगा, दोलखा, ताप्लेजुङ, संखुवासभा, जाजरकोट, गोरखा, बागलुङ, तनहुँ, ललितपुर, काभ्रे, सिन्धुली, रामेछाप, मकवानपुर र सिन्धुपाल्चोक गरी ६३ जिल्लामा मानवीय क्षति भएको थियो ।

राष्ट्रिय विपद् प्राधिकरणको 'क्षति तथा नोक्सानीको प्रारम्भिक आकलन' अनुसार करिब ४६ अर्ब ६८ करोड ४३ लाखभन्दा बढीको क्षति पुगेको थियो । जसमा सडक, पुल, जलविद्युत् लगायत भौतिक पूर्वाधारतर्फ ३८ अर्ब ९२ करोड ३४ लाख, कृषि तथा पशुधनतर्फ ५ अर्ब ८८ करोड २८ लाख, शिक्षातर्फ ७ करोड २ लाख, स्वास्थ्यतर्फ २ करोड १७ लाख र सिँचाइतर्फ १ अर्ब ३५ करोडको क्षति भएको थियो ।

मनसुनको सुरुवातमा कोशी प्रदेशका पहाडी जिल्लामा क्षति पुगेको थियो । अन्त्यतिर असोज १० देखि १३ सम्म अविरल र आरिघोप्टे पानी पर्दा आएको बाढी, पहिरो र डुबानमा परेर काठमाडौं उपत्यकासहित बागमती प्रदेशमा सबैभन्दा बढि क्षति भयो । तीन दिनको भारी वर्षाले २७६ जनाले मृत्यु भयो । १८ जना बेपत्ता र ७७८ घाइते भए ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्ययोजनामा उल्लेख गरिएअनुसार वर्षभरि देशभर हुने कुल वर्षामध्ये ८० प्रतिशत मनसुनको चार महिना जेठ १८ देखि असोज १४ को अवधिमा र २० प्रतिशत वर्षा बाँकी आठ महिनामा हुन्छ ।

***कर*****.....**विभागले यस्ता करदाताको नाम वेबसाइट मार्फत सार्वजनिक समेत गरेको छ ।

विभागले यसरी निलम्बनमा परेका करदातासँग खरिद-बिक्री नगर्न सरोकारवाला सबैमा सूचित गरेको छ । यसरी दर्ता निलम्बन भएका करदाताले कर विवरण पेस गरी कारोबार नियमित गरी दर्ता गर्न चाहे सबै अवधिको कर विवरण पेस गरेपछि 'सस्पेन्डेड लिस्ट' बाट स्वतः हट्ने व्यवस्था गरिएको छ ।

# झापा र इलाममा जबरजस्ती करणी, दुई जना पक्राउ

**दमक/** झापामा १७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा भद्रपुर नगरपालिका-५ बस्ने २१ वर्षीय शंकर राजवंशीलाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ । शंकरले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरीले उनलाई कन्काई नगरपालिका-८ लक्ष्मीपुरबाट पक्राउ गरेको हो ।

यस्तै इलाममा २५ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा इलाम नगरपालिका-४ छयारछयारे बस्ने ३२ वर्षीय गोविन्द विष्टलाई शुक्रबार दिउसो प्रहरीले पक्राउ गरेको छ । गोविन्दले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय इलामबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# विषाक्त च्याउ खाएका तीनैजनाको मृत्यु

**दमक/** विषाक्त जंगली च्याउ खाएर बिरामी परेका इलाम माङसेबुङको एकै वडाका तीन जनाको ज्यान गएको छ । इलाम, माङसेबुङ गाउँपालिका ५ का अन्दाजी ५५ वर्षिय अमर लावती, अन्दाजी २५ वर्षिया मनिषा लिम्बू र १७ वर्षिया नुमा लावतीको ज्यान गएको हो ।

६ दिन अघि नजिकैको चिया बगानमा उम्रिएको विषाक्त जंगली च्याउ तरकारी पकाएर खाएका उनीहरु एकाएक बिरामी परेका थिए । मनिषा र नुमाको उपचारका लागि विराट नर्सिङ अस्पताल विराटनगर लगिएको थियो । स्थानीय मनोज शिवाकोटीका अनुसार नुमाको अस्पतालमा नै मृत्यु भएको र मनिषालाई चिकित्सकले उपचार सम्भव नरहेको भनी फर्काएका थिए ।

उनलाई घर ल्याएपछि मृत्यु भएको हो । लावतीको भने आइतवार विएनसी अस्पताल बिर्तामोडमा मृत्यु भएको हो । मृत्यु भएका मध्ये नुमाको दाहसंस्कार भएको छ । मनिषाको शव दमक अस्पतालमा पोस्टमार्टमपछि परिवारले बुझेर लगेको दमक अस्पतालका सूचना अधिकारी डाक्टर अनुपम घिमिरेले जानकारी दिए ।

# अनेरास्ववियुमा ३२ वर्षे हद लगाउने एमालेको निर्णय

दमक । नेकपा एमालेले अनेरास्ववियुमा ३२ वर्षे उमेर हद लगाउने निर्णय गरेको छ । केन्द्रीय कार्यालय च्यासलमा बसेको पार्टी सचिवालय बैठकले ३२ वर्षे उमेर हद लगाउने निर्णय गरेको हो । उमेर हद लगाउने निर्णयसँगै सचिवभन्दा माथिका सबै पदाधिकारी बाहिरिने छन् ।

नेतृत्वको स्वभाविक दावेदार रहेका उपाध्यक्षहरु धर्म गिरी, मर्यादा बिष्ट, नारायण घर्ती र गोविन्द गिरी उमेर हदका कारण संगठनबाट बाहिरिनेछन् । अध्यक्ष पदका बलिया दाबेदार रहेका महासचिव नरेश रोकाया पनि उमेर हदका कारण संगठनबाट बाहिरिनेछन् । सचिवहरू मनोज ताम्ली, सज्जीव घिताल, आशिर्वाद सुवेदी र विनिता का⃞ले पनि उमेर हदका कारण संगठनबाट बारिने भएका छन् ।

३२ वर्ष उमेर नकटेका सचिवहरू दीपक धामी, प्रकाश पौडेल, आरती भट्टराई र अञ्जना सिवाकोटीले भने नेतृत्वमा दावी गर्न सक्नेछन् । अर्थात् उमेर हदका कारण यी जना पदाधिकारी स्वभाविक नेतृत्वको दाबेदार बनेका छन् ।

अनेरास्ववियुको आगामी २५-२८ जेठमा महाधिवेशन हुँदैछ । कीर्तिपुरमा हुने यही महाधिवेशनबाट उमेर हद लगाउने एमालेले निर्णय गरेको छ । बैठक स्रोतका अनुसार पार्टी सचिव योगेश भट्टराईले आगामी महाधिवेशनबाट लागू हुनेगरी निर्णय गर्न प्रस्ताव गरेका थिए । 'अहिले अध्यक्ष हुने भनेर खालको तयारी धेरै अगाडि बढाइसकेका छन्, अर्कोपटक लागू गर्दा कसो होला ?', सचिव भट्टराईले विकल्प प्रस्तुत गरेका थिए ।

तर अध्यक्ष केपी शर्मा ओलीले यही महाधिवेशनबाट उमेर हद लगाएर जानुपर्ने निर्णय सुनाए ।


# आवश्यकता

**एक प्रतिष्ठित कार्यालयका लागि केही कर्मचारी आवश्यक परेको हुँदा तलको नम्बरमा सम्पर्क गरी आवश्यक डकुमेन्ट बुझाउनु हुन अनुरोध छ ।**

**पद : कार्यालय एसिस्टेन्ट (महिला २ जना)**

**आवश्यक योग्यता : एसईई सो सरह ।**

**अनुभव : कम्प्युटरमा सामान्य दखल भएको ।**

**सम्पर्क : ९८०४९४०७०३**


काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ

## किओच-दमक बाल अस्पताल

दमक नगरपालिका वडा नं. ७, रेडक्रस कम्प्लेक्स, झापा

फोन: ०२३-५८०६०१, web:www.kioch.org.np

## सूची दर्ता गर्ने बारेको सूचना

**दोश्रो पटक प्रकाशित मिति: २०८२/०२/१२**

काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थद्वारा संचालित यस किओच-दमक बाल अस्पताल, दमक, झापामा आ.व. २०८१/०८२ मा आवश्यक पर्ने तपसिल बमोजिमका सामान खरिद एवं विभिन्न सेवाहरुका लागि ईजाजत प्राप्त फर्म, कम्पनी, विक्रेता तथा सेवाप्रदायकहरुले इन्स्टिच्युटको आर्थिक प्रशासन सम्बन्धी नियमावली २०७७ बमोजिम मौजुदा दर्ता छुट्टा छुट्टै सूची तयार गरी सूची दर्ता गर्नुपर्ने भएकोले तपसिल बमोजिमको कागजातहरु संलग्न गरी यस अस्पतालको कार्यालय, दमक ७, रेड क्रस कम्प्लेक्समा यो सूचना **दोश्रो पटक प्रकाशित भएको मितिले १५ दिन** भित्र दर्ता गराउनहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**तपसिल:**

१. सर्जिकल सामान तथा सर्जिकल डिस्पोजेबल, औषधी, ल्याब रिएजेन्ट, रेडियोलोजी सप्लाईज तथा पाटपुर्जा सप्लाई सम्बन्धी कार्य ।
२. मेशिनरी, इलेक्ट्रोनिक्स तथा अस्पताल उपकरण आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।
३. स्टेशनरी, छपाई मसलन्द र कार्यालय सप्लाईजको आपूर्ति तथा प्रकाशन सम्बन्धी कार्य ।
४. कम्प्युटर, सर्भर, प्रिन्टर, सि.सि. टि.भी. क्यामेरा, यु.पि. एस., फोटोकपी मेशिन, टेलिफोन, इन्टरनेट उपकरण, सफ्टवेयर आदि सामानहरुको आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।
५. भवन निर्माण सम्बन्धी र विभिन्न प्रकारका परामर्श कार्य ।
६. Air Conditioner तथा जेनेरेटको मर्मत तथा पाटपुर्जाको आपूर्ति सम्बन्धी कार्य ।
७. सवारी साधन तथा जेनेरेटरको लागि आवश्यक इन्धन तथा लुब्रीकेन्टहरको आपूर्ति सम्बन्धी कार्य ।
८. सवारी साधनको सर्भिसिङ, मर्मत तथा पाटपुर्जाको आपूर्ति सम्बन्धी कार्य ।
९. हार्डवेयर, प्लम्बिङ तथा इलेक्ट्रिकल सामाग्रीहरुको आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।
१०. भवन, ढल र अन्यको मर्मत संभार तथा रंग रोगन सम्बन्धी कार्य ।
११. फलाम, स्टिल तथा काठका सामानहरुको आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।
१२. सिलाई कटाई तथा धुलाई सम्बन्धी कार्य ।
१३. पेष्ट कन्ट्रोल, सरसफाई, फोहोरमैला व्यवस्थापन, केमिकल आपूर्ति सम्बन्धी कार्य ।
१४. सरसफाई, सुरक्षा र बगैचा व्यवस्थापनसंग सम्बन्धित जनशक्ति आपूर्ति सम्बन्धी कार्य ।
१५. विविध ।

**दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

१. फर्म वा कम्पनी दर्ता प्रमाणपत्र ।
२. मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र ।
३. आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र ।

## दमक नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय दमक झापाको**

## आन्तरिक आय संकलनका लागि बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०२/१२)**

नगरपालिकाको आ.व.२०८२/०८३ का लागि आन्तरिक आय संकलनका लागि निम्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले सम्बन्धित सबैको जानकारीको लागि तपशिल अनुसारका शर्तहरू उल्लेख गरी निम्न आय ठेक्काहरुको ३० (तीस) दिने बोलपत्र सूचना प्रकाशित गरीएको छ । आय ठेक्कामा भाग लिन चाहने कम्पनी/फर्महरूले तपशिलको सेवा शर्तका बन्देजमा रही बितीय माध्यम (ई-बिड) बाट पेश गर्ने गरी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि न | ठेक्का नं. | बोलपत्रको नाम | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | DMO/JHAPA/PSH/ /72/81/82 | (कृषि तथा पशुपंक्षी जन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने ) पशुहाट कर संकलन | १,२९,३७,७७७/- (अक्षरेपी एक करोड उन्नतिस लाख सैतिस हजार सातसय सतहत्तर रुपैयाँ मात्र ) | कबोल गरेको रकमको ५% | ३,०००/- |
| २ | DMO/JHAPA/PRK/ /73/81/82 | पार्किङ्ग सेवा शुल्क | ७९,००,०००/- (अक्षरेपी उनासी लाख रुपैयाँ मात्र ) | | |

**शर्तहरु:**

१ . प्रति बोलपत्र फारम दस्तुर रकम रु ३,०००।०० (अक्षरेपी तीन हजार रुपैया) देहायको खातामा जम्मा गर्न सकिनेछ । जम्मा गरेको राजस्व भौचर र धरौटी वापतको रकम वा बैंक ग्यारेन्टीको Scan कपी बोलपत्र फारम साथ संलग्न राखी पेश गर्नु पर्नेछ । बोलपत्र फारम र सो संग सम्बन्धित कागजातहरु https://bolpatra.gov.np/egp मार्फत डाउनलोड गर्न सकिने छ । बोलपत्र फारम दस्तुर वापतको राजश्व र धरौटी रकम निम्नानुसार बुझाउनु पर्नेछ ।

**देहाय** : (बोलपत्र फारम दस्तुर र धरौटी रकम बुझाउने सम्बन्धी विवरण)

| क्रस | कार्यालय / कोड नं. | बैंकको नाम | बोलपत्र फारम दस्तुरका लागि राजस्व दाखिला गर्ने खाता नं.र शिर्षक नं. | धरौटी खाता नं. |
|---|---|---|---|---|
| क | दमक नगरपालिका | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | खाता नं. २२४०१००३०१०१०००२ शिर्षक नं. १४२२९ | २२४०१००३०३००००२ |

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५८०२७२/५८१७०७, प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खमेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत